आयोगबाट मिति २०८१/१२/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण।

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	डा.सुनिल कुमार यादव, सुरेन्द्र महतो कोईरी, मृगेन्द्रप्रसाद यादव, जयनारायण राय, जयनन्दन राय यादवर रामईश्वर ठाकुर लोहार (विशेष अदालतको मुद्दा नं. ०८०-CR-०१३८ र फैसला मिति २०८१/०३/१७)	गैरकानूनी लाभ हानी पुऱ्याउने बद्रियतले काम गरी भ्रष्टाचार गरेको	भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सर्लाहीका तत्कालिन नि. कार्यालय प्रमुख डा. सुनिल कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड(ङ) बमोजिमको कसूरमा रु.९,७७,०१६।९४ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो असुल उपर हुन मागदावी लिएको, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सर्लाहीका तत्कालिन योजना शाखा प्रमुख सुरेन्द्र महतो कोइरीलाई	**फैसलाः** प्रतिवादीहरु मृगेन्द्रप्रसाद यादव, जयनारायण राय र जयनन्दन राय यादवले सम्झौता विपरित फिल्डमा नभएको कामको समेत झुठ्ठा कार्यसम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन र विल भरपाई बनाई रु.९,७७,०१६।९४ बढी भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको देखिँदा सोही दफा ८ को उपदफा(४) बमोजिम प्रतिवादीहरु उपरको दामासाहीले हुने विगो रु.३,२५,६७२।३१ कायम भई प्रतिवादीहरुबाट जनही विगो रु.३,२५,६७२।३१ असुल उपर हुने ठहर्छ प्रतिवादीहरु डा.सुनिल कुमार यादव, सुरेन्द्र महतो कोइरी र रामईश्वर ठाकुर लोहारले बदनियतपूर्वक भुक्तानी सिफारिस गरेको र भुक्तानी दिएको दावी पुष्टि हुन नसकी निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ	**उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ** **क.** भेटरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, सर्लाहीले कृषि सेड निर्माणको लागि जम्मा रकम रु.१८,७१,५००।- भुक्तानी गरेकोमा फिल्डमा वास्तविक भए गरेको कार्य भन्दा रु.९,७७,०१६।९४ बढी भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानूनी हानी र आम्रपाली बहुमुखी सहकारी संस्था लिमिटेडलाई लाभ पुर्याउने बदनियतले भुक्तानी दिने र लिने काम गरेको भन्ने विषय रहेको प्रस्तुत मुद्दामा भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सर्लाहीका तत्कालीन कार्यालय प्रमुख समेत रहेका प्रतिवादी डा. सुनिल कुमार यादवले अनुसन्धानको वयानको क्रममा आफु पशु प्राविधिक कर्मचारी भएकोले निर्माण कार्यको वारेमा अवगत नभएको। उक्त कृषि सेड निर्माणको जिम्मेवारी पशु सेवा प्राविधिक प्रतिवादी सुरेन्द्र महतोलाई रहेको निज सुरेन्द्र महतोलाई नै कार्य सम्पन्न प्रतिवेदनको लागि फिल्डमा पठाएको र निजले नै सम्झौता र विल बमोजिम कार्यक्रम भएको भनी प्रतिवेदन दिएकोले सोही आधारमा विल भरपाई स्वीकृत गरी भुक्तानी दिएको हो भनी कसूर भएकोमा स्वीकार गरी वयान गरेको देखिन्छ भने अर्का प्रतिवादी सुरेन्द्र महतोले समेत अनुगमन निरिक्षणमा फिल्डमा गएको योजना र सम्झौता र ईष्टिमेट अनुसार कार्य सम्पन्न भएको भनी भुक्तानीको लागि कार्यालय प्रमुख समक्ष सिफारिस गरेको हो इन्जिनियरले गरेको मूल्याकंनको आधारमा भुक्तानी सिफारिस गरेको हो भनी वयान गरेको देखिन्छ त्यसै गरी अर्का प्रतिवादी रामइश्वर ठाकुरले समेत आँखाले देखेको भरमा सिफारिस गरिदिएको हो भनि कसूर भएकोमा स्वीकार तथा आफूलाई सजाय हुने डरले कसूरमा आफ्नो संलग्नता नरहेको भनी ईन्कारी वयान गरेको देखियो। **ख.** फिल्डमा वास्तविक भए गरेको कार्य भन्दा रु.९,७७,०१६।९४ बढी भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानूनी हानी र आम्रपाली बहुमुखी सहकारी संस्था लिमिटेडलाई लाभ पुर्याउने बदनियतले भुक्तानी दिने र लिने काम गरेको भन्ने मूख्य आरोपको विषय रहेकोमा सो तथ्यलाई स्वीकार गरी उक्त रकम रु.९,७७,०१६।९४ बढी भुक्तानी भएकोले भ्रष्टाचारजन्य कसूर ठहर गरी प्रतिवादी मध्येका प्रतिवादीहरु मृगेन्द्रप्रसाद यादव, जय नारायण राय र जयनन्दन राय यादवलाई सजाय भएको अवस्थामा सोही कसूरमा संलग्न रही योजना शाखा प्रमुख तथा उक्त कार्यक्रमको प्रमुख जिम्मेवारी रहेको फोकल पर्सन रहेका प्रतिवादी सुरेन्द्र

			भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड(ङ) बमोजिमको कसूरमा रु.९,७७,०१६।९४ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो असुल उपर हुन मागदावी लिएको, जिल्ला सर्लाही चक्रघट्टा गाउँपालिका वडा नं.९ का तत्कालिन वडा अध्यक्ष श्री राम ईश्वर ठाकुर लोहारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर गरी प्रदेश सरकारलाई गैरकानूनी हानी र आम्रपाली बहुमुखी सहकारी संस्था लि. लाई लाभ पुर्याएकोले	भनी फैसला भएको **प्रतिवादीहरु मृगेन्द्रप्रसाद यादव, जय नारायण राय र जयनन्दन राय यादवको हकमा प्रतिवादीहरु उपरको विगो रु.९,७७,०१६।९४ लाई दामासाहीले हुने जनही रु.३,२५,६७२।३१ विगो कायम भई जनही रु.३,२५,६७२।३१ जरिवाना हुने र निज प्रतिवादीहरुबाट जनही विगो रु.३,२५,६७२।३१ असुल उपर गर्ने ठहर गरी फैसला भएको देखिदा निज प्रतिवादीहरु मृगेन्द्रप्रसाद यादव, जय नारायण राय र जयनन्दन राय यादवको हकमा पुनरावेदन जिकिर लिइएको छैन** **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **क.** सेड निर्माणको प्राविधिक पक्ष सहकारी संस्थामा रहेको र त्यस्तो संस्थाले कार्य सम्पन्न भएको कागजात सहित भुक्तानीको लागि निवेदन दिएको र कार्यालयका पशु प्राविधिक समेतले कार्य सम्पन्न भएको सिफारिस गरेको र नापी किताब तथा लागत अनुमान बमोजिम कार्य	महतो उक्त कार्यक्रमको अगुमन गरी भुक्तानी दिनका लागि सिफारिस गर्ने मूख्य ब्यक्ति रहेको देखिन्छ। त्यसैगरी कार्य सम्पन्न भएको हो भनी भुक्तानी दिन उपयुक्त छ भनी एकिन गर्ने जिम्मेवारी रहेका कार्यालय प्रमुख डा सुनिल कुमार यादवले कार्य सम्पन्न भएको हो भनी भुक्तानीको आदेश दिएको देखिन्छ भने कार्यक्रम निर्माण स्थलका जनप्रतिनिधि वडा अध्यक्ष रहेका राम इश्वर ठाकुर समेत आफ्नो इलाकामा भएको काम सम्झौता अनुसार ठीक छ भनि सिफारिस गरेकोले प्रस्तुत वारदातको मूख्य कसूरदार देखिन्छन्। तर विशेष अदालतबाट फैसला गर्दा सहप्रतिवादी डा. सुनिल कुमार यादवको पोलवयान, पशु प्राविधिक प्रतिवादी सुरेन्द्र महतोले आफूले भुक्तानीको लागि शिफारिस गरेको स्वीकार गरेको तथ्य एवं वडा अध्यक्ष राम इश्वर ठाकुर लोहारले समेत सम्झौता बमोजिम काम भएकोले भुक्तानी दिन ठीक छ भनी सिफारिस गरेको तथ्यलाई ग्रहण नगरी निज प्रतिवादीहरु डा. सुनिल कुमार यादव, सुरेन्द्र महतो र राम इश्वर ठाकुर लोहारलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकन तथा विश्लेषणको रोहमा त्रुटीपूर्ण देखियो। ा. ईन्जिनियर रोशन थापा समेतको स्थलगत निरिक्षण प्रतिवेदनमा, नापी किताबमा १२ x १२" को आर.सि.सि. पिलर उल्लेख भएकोमा ९" x ९" को पिलर पाईएको, २ ठाउँमा टाई बिम (Lower Tie Beam र upper Tie Beam) उल्लेख भएकोमा माथिल्लो टाई बिम मात्र रहेको तल्लो टाइविम नरहेको, माथिल्लो टाईबिम भन्दा मुनि ६.५ फिट उचाईमा ईट्टाको वाल रहेको उल्लेख भएकोमा २.१३ फिट (०.६५ मिटर) मात्र वाल रहेको पाईएको, सेडको चारै तर्फको वालमा ४ फिट उचाईमा प्लाष्टर उल्लेख भएकोमा पूर्वपट्टीको छोटो वालमा १.६४ फिट (०.५० मिटर) उचाईमा मात्र प्लाष्टर भएको ३ ईन्चको फलामको पाईप कही कतै प्रयोग भएको नपाईएको, ट्रसमा प्रयोग भएको २ ईन्चको पाईप साथै सो सेडको छानामा प्रयोग भएको जस्ता पाताको परिमाणमा समेत नापी किताबमा उल्लेख भएको परिमाण भन्दा कम कार्य भएको देखिएको भनी मिति २०७९/१२/२७ गते प्रतिवेदनमा उल्लेख भएकोमा छ। यी प्रतिवादी सुरेन्द्र महतो उक्त कार्यालयको योजना शाखा प्रमुख रहनुका साथै उक्त कार्यक्रमको प्रमुख जिम्मेवार ब्यक्ति र फोकल पर्सन समेत रहेको देखिन्छ। निज प्रतिवादीको मूख्य जिम्मेवारी नै सम्झौता बमोजिम फिल्डमा कति कार्य भयो कति भएन भनेर अनुगमन निरिक्षण गर्ने र सो को जानकारी कार्यालय प्रमुखलाई दिनु रहेको देखिन्छ निजकै सिफारिसका आधारमा नै कार्यालय प्रमुखले भुक्तानीको लागि तोक आदेश दिइ कौशल किशोर बछारले गोश्वारा भौचर तयार गरी कार्यालय प्रमुखले भुक्तानी आदेश स्वीकृत गरेको हुँदा निज प्रतिवादी सुरेन्द्र महतो उक्त कार्यक्रमको मूख्य अनुगमनकर्ता रहेको र निजले अन्य

			निज उपर रु.९,७७,०१६।९४ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदावी लिएको, आम्रपाली बहुमुखी सहकारी संस्था लिमिटेडका अध्यक्ष मृगेन्द्र प्रसाद यादव, उपाध्यक्ष जय नारायण राय र व्यवस्थापक जय नन्दन राय यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा रु.९,७७,०१६।९४ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिइएको	सम्पन्न नभएको भन्ने कुनै उजुरी नआएको अवस्थामा निजले नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनको प्राविधिक पक्षको सत्यता जाँचबुझ गरी गराई फिल्डमा गई नापजाँच गर्ने दायित्व प्रतिवादी सुनिलकुमार यादवको नभएको। **ख.** कार्यालय प्रमुखले तोक आदेश गरेबमोजिम भुक्तानी दिएकोले योजना शाखा प्रमुख सुरेन्द्र महतो कोइरीको बदनियत पुष्टि हुन नसकेको। **ग.** निर्माण सम्वन्धी काम जाँच गर्ने प्राविधिक पशुसेवा विज्ञ केन्द्रमा नरहेकोले निर्मित कृषि सेडको इन्जिनियरिङ विषयको सत्यता जाँच नगरेको आधारमा मात्र प्रतिवादीहरु डा.सुनिल कुमार यादव, सुरेन्द्र महतो कोईरी र रामईश्वर ठाकुर लोहारको कसूर पुष्टि नहुने	प्रतिवादीहरुसंग मिलोमतो गरी सम्झौता बमोजिमको काम नभएको थाहा हुँदाहुदै भुक्तानीको लागि सिफारिस गरी कसूरमा प्रत्यक्ष संलग्न रहेको तथ्य पुष्टि भईरहेको अवस्थामा निजलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण देखियो। **घ.** प्रस्तुत मुद्दामा प्रमुख आधार बनेको प्रतिवादी समेतलाई रोहवरमा राखी गरिएको स्थलगत मुचुल्का र प्राविधिक प्रतिवेदनलाई प्रतिवेदकहरु मनोज कुमार सुनुवार, रोशन थापा, जगतराज ढकाल र कामेश्वर चौधरीले उक्त मुचुल्का र प्रतिवेदन बेहोरालाई समर्थन गरी अदालत समक्ष बकपत्र गरेको प्रमाणलाई आधार लिई मिति २०७६।०२।०५ को सम्झौता विपरित लगत स्टिमेट बमोजिम नगरेको कामलाई गरेको भनी झुठा कार्य सम्पन्न प्रतिवेदन तयार गरी फिल्डमा वास्तविक रुपमा भए गरेको कार्य भन्दा बढी मूल्याकंन गरी गराई सम्झौता विपरित कार्य सम्पन्न भएको भनी रु.९,७७,०१६।९४ बढी भुक्तानी लिएको कसूर ठहर गरी प्रतिवादीहरु मृगेन्द्रप्रसाद यादव, जयनारायण राय र जयनन्दन राय यादवलाई सजाय समेत भएको अवस्थामा सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ छैन जापजाँच गरी हेरी एकिन गरेर मात्र सिफारिस गर्नुपर्ने जिम्मेवारी र दायित्व रहेको यि प्रतिवादीद्वय सुरेश महतो र राम इश्वर ठाकुर लोहारले आफ्नो कर्तव्यबाट च्यूत भई प्रतिवादी सुरेन्द्र महतो समेतसंग मिलेमतो गरी भुक्तानीको लागि सिफारिस गरेको देखिन्छ भने अर्का प्रतिवादी कार्यालय प्रमुख डा. सुनिल कुमार यादवले भुक्तानी गर्नु भन्दा अगाडि प्राविधिक जाँच, स्थलगत अनुगमन निरिक्षण गरी, स्थानीय उपभोक्ता समेतसंग बुझी यर्थाथ देखिएमा मात्र रकम भुक्तानीको लागि आदेश गर्नु पर्नेमा बदनियत चिताई झण्डै आधा भन्दा बढी रकमको काम नै नभएको स्थिति देखिदा देखिदै भुक्तानीको लागि आदेश गरी अन्तिम भुक्तानी समेत भएको देखिएकोले निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला बदर गरी पाउँ।